# कुश्मा नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## कुश्मा पर्बत

आ. ब. २०८२/०८३

सूचना नं /बोलपत्र नं - **Kus/Goods/River/All/01**

# नदीजन्य सामाग्री ढुङ्गा, गिट्टी, बालुवा, रोडा आदिको निकासी शुल्क ठेक्कामा लगाउने बारे बोलपत्र

ने[illegible]ाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**श्रावण, २०८२**

कुश्मा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

कुश्मा पर्बत

गण्डकी प्रदेश, नेपाल

**नदीजन्य समाग्री ढुङ्गा, गिट्टी, बालुवा, रोडा (दहत्तर बहत्तर) आदिको निकासी शुल्क ठेक्कामा लगाउने बारे बोलपत्र आह्वानको सूचना !**

(प्रथम पटक प्रकाशित मितिः २०८२/०४/१२)

यस नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३, दफा ११ (घ) ६ र दफा ६२ (क) बमोजिम चालु आ.व. २०८२/८३ का लागि तपशिल बमोजिमको यस कुश्मा नगरपालिकाको क्षेत्र भएर बग्ने कालिगण्डकी तथा मोदीखोलाको बगरबाट नदीजन्य पदार्थ (घाटगद्धी) ढुङ्गा, गिट्टी, बालुवा, रोडाको आय संकलन ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले सार्वजनिक खरिद अनुगमन कार्यालय ई- पोर्टल www.bolpatra.gov.np/egp मार्फत आय ठेक्का ब्यबस्थापन सम्बधी प्रथम पटक ३० दिने बिदुतीय बोलपत्र आव्हान गरिएकोले योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी बोलपत्र खरिद गरि यसै सूचना बमोजिम पेश गर्न सकिनेछ ।

| सूचना नं/ बोलपत्र नं | बगरको विवरण र स्थान | उत्खनन् हुने अधिकतम परिमाण (घन मि.) | न्यूनतम दर प्रति (घन फि.) | न्यूनतम रकम कर बाहेक | धरौटी रकम रू. | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| Kus/Goods/River/All/01 | यस कुश्मा नगरपालिकाको क्षेत्र भएर बग्ने कालिगण्डकी तथा मोदीखोला बगर सबै IEE प्रतिवेदन अनुसार | ७६५९७ | रू. ९ | रू.२४,३४८,५३९.४६ | कर सहित कबोल अंकको ५% | ५००० |

२०८२/०४/१२.

नेत्रप्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत

बोलपत्र खरिद, दाखिला र खोल्ने मिति, समय र स्थान :

| सूचना नं/ बोलपत्र नं | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | | बोलपत्र खोल्ने अन्तिम मिति र समय | |
|---|---|---|---|---|---|---|
| Kus/Goods/River/All/01 | मिति | समय | मिति | समय | मिति | समय |
| | २०८२/०५/११ | १२:०० बजे | २०८२/०५/११ | १२:०० बजे | २०८२/०५/११ | १:०० बजे |
| बैंकको नाम | कार्यालयको नाम | | | | अन्तरिक राजश्व खाता नं | धरौटी खाता नं |
| नेपाल बैंक लि. कुश्मा पर्बत | कुश्मा नगरपालिका नगरकार्यपालिकाको कार्यालय | | | | ०६६०३०००००१००१०००००१ | ०६६०३०००००३००००००००१ |

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# बोलकबोल पत्र
# (Bid Form)

कुश्मा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मा, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

मितिः........................

व्यवसायीको नाम ठेगानाः ...................

बोल पत्र नं **Kus/Goods/River/All/01**

कुश्मा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

कुश्मा ,पर्वत।

तहाँ कार्यालयबाट मिति २०८२/०४/१२ गते प्रकाशित सूचना अनुसार वोलपत्र नं **Kus/Goods/River/All/01** नगरपालिका भित्रको विभिन्न घाटहरुबाट ढुङ्गा गिट्टि वालुवा दहत्तर बहत्तर आदिको विक्रि शुल्क संकलन सम्बन्धी वोलपत्र आह्वान भएको वोलकवलको सूचना बमोजिम वोलपत्रको शर्तहरुमा मन्जुर भै बोलकवोल गर्न निवेदन पेश गरेका छौं।

१ मेरो फर्म कानुनी हिसाबले यस कुश्मा नगरपालिका संग ठेक्का पट्टा बोलकबोल गर्न बैध रहेको छ र कुनै स्वार्थ बाझिएको छैन।

२ हामी कुनै पनि हिसाबले कालो सूचिमा परेको छैनौ साथै कुनै गैरकानुनी कार्यमा संलग्न नभइ वा अन्य कुनै कारणले म अयोग्य नरहेको स्वघोषणा गर्दछु।

३ राजस्व संकलनका लागि जारि भएको बोलपत्र सम्बन्धी सवै कागजातहरुको अध्ययन गरियो र यसमा हाम्रो पूर्ण सहमति रहेको छ।

४ राजस्व संकलनका लागि जारि भएको बोलपत्रको शर्तहरु पालना गरि कार्यालयबाट जारी हुने निर्देशन अनुसार कार्य गर्न मन्जुर रहेका छौं।

५ कुल कबोल रकम रु ..........को प्रस्ताव पेश गरेको छु।

६ मु. अ. क. समेत कार्यालयको शर्त बमोजिम राजस्व भुक्तानी अलग्गै गर्ने गरी कवोल अंक रहेको छ।

७ कबोल अंक मु. अ. क. समेतको हुन आउने रकम रु ...........जमानत वापत रकम जम्मा गरेका छौं वा ...... बैकको बैक जमानत पत्र पेश गरेका छौं।

८ यदि हाम्रो बोलपत्र स्वीकृत भएमा बोलकवोल कागजातमा उल्लेख भए बमोजिमको समयमा राजस्व रकम भुक्तानी गर्न मन्जुर छौं।हामीले पेश गरेको प्रस्तावको उत्तरदायित्व बहन गर्दछौं।

९ यस बोलपत्रमा हाम्रो कुनै किसिमको सब कन्ट्र्याक्टर रहेको छैन र बोलपत्र स्वीकृत भएको अवस्थामा पनि कुनै किसिमको सब कन्ट्र्याक्टर मार्फत कार्य गराइने छैन ।

१० बोलपत्र सम्झौता भएको खण्डमा यस फर्मको प्रतिनिधिको रुपमा तल उल्लिखित व्यक्तिले कार्य गर्नेछ।

नाम................

पद..............

नागरिकता नं .........

जारी मिति र जिल्ला.................

सम्पर्क नं ..................................

हस्ताक्षर..............................

मिति ................................................

संस्थाको छाप............................................

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

# प्रस्तावदाताले पेश गर्नु पर्ने न्युनतम कागजात

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावदाता कम्पनि संग सम्बन्धित कागजात

१ फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र
२ नविकरण आवश्यक पर्ने फर्मको नविकरण पत्र
३ मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र
४ आ व २०८०/८१ को कर चुक्ता प्रमाण पत्र
५ प्रस्ताव पेश गर्ने सम्बन्धमा संस्थाको कार्यकारी निकायको निर्णय तथा निर्णयको आधारमा जारी गरिएको अधिकार पत्र (Power of Attorney)
६ कालो सुचिमा नपरेको स्वघोषणा पत्र
७ सूचनामा उल्लेख भए बमोजिमको जमानत
८ सूचनामा उल्लेख भए बमोजिम प्रस्तावदाताको नाममा बोल पत्र खरिद गरेको रसिद

# कुश्मा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मा पर्वत, गण्डकी प्रदेश, नेपाल

नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) को बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०४/१२)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) र (६४) ले दिएको अधिकार प्रयोग गरी यस कुश्मा नगरपालिका कुश्मा पर्वत को मिति २०८२/०४/११ को निर्णय, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) बाट राजश्व असुली सम्बन्धी काम आ.व.०८२/८३ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । मिति २०८२/०५/११ गते १२:०० बजे भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म कम्पनीहरुले www.kushmamun.gov.np तथा www.bolpatra.gov.np/egp बाट बोलपत्र Download u/L देहायको मिति र समय भित्र बोलपत्र www.bolpatra.gov.np/egp मा Upload गर्नु पर्नेछ । अन्य जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

तपसिल:

| सूचना नं./ बोलपत्र नं. | प्रस्तावित उत्खनन स्थल | अवस्थिति (अक्षांश) | अवस्थिति (देशान्तर) | उत्खनन् परिमाण घ.मि. | न्यूनतम बोलपत्र रकम (VAT) र अग्रिम आय कर बाहेक) | धरौटी रकम कबोल अंकको ५% | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| | कुश्मा –१ दमाहखोला बगर | २८°१५'४९.५८"उत्तर | ८३°३६'३९.६० "पूर्व | १३००० | | | |
| | कुश्मा –१ गारतार बगर क | २८°१५'४२.४३"उत्तर | ८३°३६'३७.४ ४"पूर्व | ३६४० | | | |
| | कुश्मा –१ गारतार बगर ख | २८°१५'३६.५५"उत्तर | ८३°३६'३५.७२ "पूर्व | १९८० | | | |
| | कुश्मा –१ गारतार बगर ग | २८°१५'३३.१६"उत्तर | ८३°३६'३७.३३ "पूर्व | २४०० | | | |
| | कुश्मा –१ गारतार बगर घ | २८°१५'३४.४०"उत्तर | ८३°३६'४५.७ ९"पूर्व | २७५० | | | |
| | कुश्मा –१ मालढुङ्गा बगर क | २८°१५'१०.८४"उत्तर | ८३°३७'८.३२" पूर्व | ७२०० | | ५% | ५००० |
| Kus/Goods/River/All/01 | कुश्मा – १ सहस्रधारा बगर | २८°१४'४६.५५"उत्तर | ८३°३८'४.४२ "पूर्व | २४००० | | | |
| | कुश्मा – २ नयाँपुल बगर | २८°१४'२२.३०"उत्तर | ८३°३८'४६.१ ३"पूर्व | १२०० | | | |
| | कुश्मा –४ जरूवा बगर | २८°१४'१२.७७"उत्तर | ८३°३९'२९.२ २"पूर्व | ६००० | | | |
| | कुश्मा –५ जल्किनी बगर | २८°१३'३६.३१"उत्तर | ८३°४०'१०.० ०"पूर्व | ५००० | | | |
| | कुश्मा –८ परादी बगर | २८°१४'१७.७९"उत्तर | ८३°४२'३९.५ २"पूर्व | १५०० | | | |
| | कुश्मा –९ झाप्रे बगर वडा नं. ६ र ९ बीचको | २८°१३'१४.३४"उत्तर | ८३°४२'१८.५ ७"पूर्व | १५०० | २४,३४८,५३९.५ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कुश्मा –७ र ९ कुश्मा कटुवा जोड्ने पुल मुनी बगर | २८°१३'१.७२"उत्तर | ८३°४१'३०.१४"पूर्व | ३८४० | | | |
| | कुश्मा –७ र ८ तमादी खोला बगर | २८°१३'३४.४६"उत्तर | ८३°४१'४८.५४"पूर्व | २५८७ | | | |

<u>शर्तहरु :</u>

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि, बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा **नेपाल बैंक लिमिटेड , कुश्मा शाखामा** रहेको यस कार्यालय को **आन्तरिक राजश्वखाता नं. ०६६०३०००००१००१००००००१** मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले **२०८२/०५/११ गते १२:००** बजेसम्म विधुतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्रपेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछीको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्टउल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको **नेपाल बैंक लिमिटेड , कुश्मा शाखामा** रहेको **धरौटी खाता नं. ०६६०३००००३०००००००००१** मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० **दिन**को म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम ठेगाना,कामको विवरण,बोलपत्र विवरणप्रोपराइटरको नाम,ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले **२०८२/०५/११ गतेका दिन दिनको १२:००**बजे भित्र विधुतीय माध्यमबाट बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको **२०८२/०५/११ गते १:००**बजे पछी विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरीनेछ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघि रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्विकृत भएमा सोको सुचना पाएको वा सुचनाटाँस भएको मितिले १५दिनभित्र मु.अ.क. समेतको कबोल अंकको **प्रथम किस्तावापत ५० प्रतिशत**ले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। **दोस्रो किस्ता वापत ५०प्रतिशत**ले हुने रकम नेपाल राष्टबैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८३ साल मंगसिर मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। **दोस्रो किस्ता वापत ५०प्रतिशत**ले हुने रकम जेष्ट १५ भित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन् पर्नेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरीनेछ। यस नगरपालिकाको नदि तथा नदीहरुको उत्खनन् क्षेत्र र परीमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन ,२०७४, सम्बन्धित स्थानिय

तहबाट जारी भएकाकानुन,प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौता अभिन्न अंग मानिनेछ।

## ठेक्का सम्बन्धी अन्य शर्तहरु

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८३ साल जेठ मसान्तसम्म रहनेछ । तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा संकलन पूरा भएमा उत्खनन् कार्य बन्द गरिने छ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्न्ति दावी गर्न पाईने छैन ।यकिन भएको परिमाण भन्दा बढी परिमाणविक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार नगरपलिकामा भुझाउनु पर्ने छ। (IEE)प्रतिवेदनले उल्लेख गरेको परिमाण भन्दा बढी र निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन । तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ ।

२. धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

३. ठेक्का सम्झौता भए पश्चात प्रत्येक महिना उत्खनन र विक्रि वितरण गरिएको यथार्थ परिमाण खुलाइ नगरपालिकामा विवरण पेश गर्नु पर्ने छ ।

४. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनिले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ । माथिउल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा नगरपालिकामा बुझाउँनुपर्नेछ ।

५. ठेक्कामा कुनै विवाद भएमा नगरकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

६. नगरपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन ।

७. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा वसी संकलन गर्न पाईने छैन।

८. नदिजन्य पदार्थको उत्खनन विहान सूर्योदयदेखि वेलुका सुर्यास्तसम्म मात्र गर्न पाइने छ ।

९. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

१०. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

११. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१२. नदिजन्य पदार्थलाई घाटगद्धि नगरपालिकावाट स्वीकृत लिइ गर्नु पर्नेछ, नदिजन्य पदार्थलाई घाटगद्धि गरेर परिमाण नापजांच गरि मात्र बिक्रि वितरण गर्नुपर्ने छ।

१३. ढुंगा,गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरएिको ढुङ्गा गिट्टि,वालुवा उत्खनन,संकलन,क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधी २०७५, नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६ , नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७, ढुङ्गा गिट्टि,, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१४. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१५. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१६. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
कुश्मा नगरपालिका

कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत।

## कबोल पत्र

छोडुवा घाटबाट नदीजन्य पदार्थ उत्खनन्/संकलन कार्य

आय ठेक्का नं.

| क्र.सं. | घाटको विवरण | न्यूनतम ठेक्का रकम (मु.अ.कर र आय कर बाहेक) | कबोल रकम मु.अ. कर र आयकर बाहेक | |
|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा |
| १ | कुश्मा नगरपालिका भित्रका सम्पुर्ण बगरबाट बालुवा तथा ढुङ्गा ग्राभेल निकासी | २,४३,४८,५३९।४६ | | |
| | जम्मा: | | | |
| | अग्रीम आयकर १.५ प्रतिशत | | | |
| | मु.अ.कर १३ प्रतिशत | | | |
| | कुल जम्मा | | | |
| कुल जम्मा रू. | | | | |

आ.व.२०८२/०८३

फर्मको नाम:

ठेगाना:

सहिछाप:

सम्पर्क नं.

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत